## कार्यपालिका बैठक संख्या- ३

मिति:- २०८३।०६।१३

### निर्णयहरु

**निर्णय नं. १-** अघिल्लो कार्यपालिका बैठकबाट भएका निर्णयहरु र तिनको कार्यान्वयन सम्बन्धमा आवश्यक छलफल तथा समीक्षा गरीयो ।

**निर्णय नं. २-** प्रदेश लोक सेवा आयोग, लुम्बिनी प्रदेश, बुटवलबाट रिक्त पदको माग आकृति फाराम पठाउने भनि पत्र प्राप्त भएको सम्बन्धमा यस गाउँपालिका अन्तर्गत स्वीकृत दरवन्दीमध्ये रिक्त रहेका तपसिल बमोजिमका पदमा कर्मचारी पदपूर्तिका लागि माग आकृति फाराम भरी प्रदेश लोक सेवा आयोग, लुम्बिनी प्रदेश, बुटवलमा पठाउने भनि सर्वसम्मतिबाट निर्णय गरियो ।

**तपसिल:-**

| क्र.सं. | पदको नाम | तह | सेवा/समूह/उपसमूह | जम्मा स्वीकृत स्थायी दरबन्दी संख्या | पदपूर्ति भएको स्थायी कर्मचारी संख्या | जम्मा रिक्त संख्या | माग गर्ने पद संख्या | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | इन्जिनियर | ७ औँ | स्थानीय इन्जिनियरिङ्ग/सिभिल | १ | ० | १ | १ | |
| २ | प्रशासकीय अधिकृत | ७ औँ | स्थानीय प्रशासन/सामान्य प्रशासन | २ | ० | २ | २ | |
| ३ | शिक्षा अधिकृत | ७ औँ | स्थानीय शिक्षा/शिक्षा प्रशासन र परीक्षण तथा मूल्याकन | १ | ० | १ | १ | |
| ४ | आन्तरिक लेखा परीक्षण सहायक | ५ औ | स्थानीय प्रशासन/लेखा | १ | ० | १ | १ | |
| ५ | वरिष्ठ प्रशासन सहायक | ५ औ | स्थानीय प्रशासन/सामान्य प्रशासन | ७ | २ | ५ | ५ | |
| ६ | सहायक महिला विकास निरीक्षक | चौथो | स्थानीय प्रशासन/विविध | १ | ० | १ | १ | |
| ७ | प्रशासन सहायक | चौथो | स्थानीय प्रशासन/सामान्य प्रशासन | ४ | २ | २ | २ | |
| ८ | खानेपानी तथा सरसफाइ टेकिनसियन | चौथो | स्थानीय इन्जिनियरिङ्ग/सिभिल | १ | ० | १ | १ | |
| ९ | पशु विकास प्राविधिक | ५ औ | स्थानीय कृषि/ लाइभस्टक पोल्ट्री एण्ड डेरी डेभलप्मेण्ट | २ | १ | १ | १ | |
| १० | सहायक पशु स्वास्थ्य प्राविधिक | चौथो | स्थानीय कृषि/भेटेरिनरी | २ | १ | १ | १ | |
| पदपूर्तिका लागि प्रदेश लोक सेवा आयोगमा माग गर्ने जम्मा पद संख्या | | | | | | | १६ | |

**निर्णय नं. ३-** यस गाउँपालिका अन्तर्गत रहेका ताल पोखरीमा माछा पालन गर्ने प्रयोजनका लागि अघिल्ला आर्थिक वर्षहरुमा सार्वजनिक ठेक्का आह्वान भई ठेक्का सम्झौता पश्चात माछापालन भइरहेकोमा यस वर्ष भएको अत्यधिक सुख्खा/खडेरी तथा ताल पोखरीमा पानीको अन्य बैकल्पिक स्रोत समेत नभएका कारण ताल/पोखरी सुख्न गई माछापालन नभएको/भएका समेत मरेकोले आफुहरु अत्यधिक मर्कामा परी किस्ता रकम तिर्न असमर्थ रहेकोले किस्ता रकम छुट पाउँ भनि विभिन्न ठेकेदारहरुबाट लिखित तथा मौखिक निवेदन/गुनासोहरु प्राप्त भएको सम्बन्धमा ठेकेदारले ठेक्काको बखत कबोल गरेको कुल रकमको १०% (दश प्रतिशत)ले हुन आउने रकम छुट दिने र सम्झौता अनुसार तोकिएको मितिमा किस्ता रकम नबुझाई विलम्ब शुल्क (जरिवाना)मा परेका ठेकेदारले मिति २०८३ साल चैत्र मसान्त भित्रमा किस्ता रकम बुझाएको खण्डमा विलम्ब शुल्क (जरिवाना) समेत मिनाहा गर्ने निर्णय गरियो ।

विजयनगर गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय, कपिलवस्तु, लुम्बिनी प्रदेश

२०८३।०६।१३
हिमलाल विश्वकर्मा
प्रमुख प्रशासकीय अधिकृत

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ८४ उपदफा-२ को (ज) बमोजिम कार्यपालिका बैठक नं. ३ ... को निर्णय प्रमाणित गर्दछु

आ.व. २०८३।०८४
... बहादुर थापा मगर
अध्यक्ष
विजयनगर गाउँपालिका

## कार्यपालिका बैठक संख्या- ३

मितिः- २०८३।०६।१३

**निर्णय नं. ४-** सघन शहरी तथा भवन निर्माण आयोजना, भैरहवा, रुपन्देही मार्फत कार्यान्वयन हुने शहरी सडक, स्तरोन्नति, मर्मत तथा सडक सुरक्षा कार्यक्रम अन्तर्गत तपसिल बमोजिमको सडक छनौट गरि पठाउने निर्णय गरियो ।

तपसिलः-

| क्र.सं. | योजनाको नाम | कार्यान्वयन हुने क्षेत्र | कैफियत |
|---|---|---|---|
| १ | वडा नं. ६ फरेनी चोकदेखी प्रेमनगर हुँदै वडा नं. ४ त्रिपालनगर सम्म सडक मर्मत तथा स्तरोन्नती | विजयनगर गाउँपालिका वडा नं. ४ र ६ | |

**निर्णय नं. ५-** निम्न संस्था/समिति/योजना तथा व्यक्तिहरुका लागि तपसिल बमोजिमको रकम उपलब्ध गराउने भनि सर्वसम्मतिबाट निर्णय गरियो ।

<u>तपसिलः-</u>

| क्र.सं. | व्यक्ति/संस्था/समिति/ योजनाहरुको नाम | ठेगाना | प्रयोजन | रकम | भुक्तानिको श्रोत |
|---|---|---|---|---|---|
| १ | अमलहवा तथा जगदीशपुर युवा समिति | विजयनगर-३, कपिलवस्तु | तिज विशेष कार्यक्रम तथा तिज गित प्रतियोगिता संचालन सहयोग | रु. ५०,०००।– (पचास हजार रुपैयाँ मात्र) | दिवस, समारोह, चाड पर्व, मेला महोत्सव विशेष खर्च |
| २ | श्री दुर्गा भवानी आमा समूह | विजयनगर-१, बनखेत | लोक संस्कृती संरक्षण तथा प्रवर्द्धन कार्यक्रम | रु. ३,००,०००।– (तीन लाख रुपैयाँ मात्र) | |
| ३ | नुरुल हुदा मिया | विजयनगर-७, गणेशपुर | औषधोपचार खर्च | रु. १०,०००।– (दश हजार रुपैयाँ मात्र) | सामाजिक सुरक्षा तथा आर्थिक सहायता कार्यक्रम |
| ४ | अक्तर हुसेन मुसलमान | विजयनगर-६, खुरुहुरिया | औषधोपचार खर्च | रु. २०,०००।– (बिस हजार रुपैयाँ मात्र) | |
| ५ | राजेश कोरी | विजयागर-३, जगदीशपुर | औषधोपचार खर्च | रु. १०,०००।– (दश हजार रुपैयाँ मात्र) | |
| ६ | सरस्वती अहिर | विजयागर-६, खडैंचा | औषधोपचार खर्च | रु. १०,०००।– (दश हजार रुपैयाँ मात्र) | |
| ७ | जगराम अहिर | विजयागर-६, जुडपनिया | औषधोपचार खर्च | रु. १०,०००।– (दश हजार रुपैयाँ मात्र) | |
| ८ | कुमारी घर्ति मगर | विजयागर-४, ज्योतिनगर | औषधोपचार खर्च | रु. १०,०००।– (दश हजार रुपैयाँ मात्र) | |
| ९ | धनमाया गुरुङ्ग | विजयागर-५, डालेपुर | औषधोपचार खर्च | रु. २०,०००।– (बिस हजार रुपैयाँ मात्र) | |
| १० | लाल वहादुर दमै | विजयनगर-६, प्रेमनगर | औषधोपचार खर्च | रु. २०,०००।– (बिस हजार रुपैयाँ मात्र) | |
| ११ | धनमति थारु | विजयनगर-७, ढोढरी | औषधोपचार खर्च | रु. १०,०००।– (दश हजार रुपैयाँ मात्र) | |
| १२ | मणीकला कामी | विजयनगर-४, बुद्धनगर | औषधोपचार खर्च | रु. १५,०००।– (पन्ध्र हजार रुपैयाँ मात्र) | |
| १३ | श्री समयमाई मन्दिर निर्माण तथा सञ्चालन समिति | विजयनगर-५, पिपरी | पिपरा अधुरो धर्मशाला निर्माण | रु. ६,००,०००।– (छ लाख रुपैयाँ मात्र) | साना पूर्वाधार तथा विकास कार्यक्रम |
| १४ | श्री खुरुहुरिया दुर्गा मन्दिर निर्माण तथा सञ्चालन समिति | विजयनगर-६, खुरुहुरिया | अधुरो दुर्गा मन्दिर निर्माण तथा व्यवस्थापन | रु. २,००,०००।– (दुई लाख रुपैयाँ मात्र) | |
| १५ | थरौली बनखेत टोल विकास संस्था | विजयनगर-१, बनखेत | भलिवल खेलकुद प्रतियोगिता सञ्चालन | रु. १,००,०००।– (एक लाख रुपैयाँ मात्र) | खेलकुद सहयोग कार्यक्रम |
| १६ | गोल्डेन स्टार युवाक्लव | शिवराज-९, बानियाँभार | महिला तथा पुरुष फुटबल प्रतियोगिता सञ्चालन | रु. ३५,०००।– (पैंतिस हजार रुपैयाँ मात्र) | |



आ.व. २०८३।०८४

हिमलाल विश्वकर्मा
प्रमुख प्रशासकीय अधिकृत

बहादुर थापा मगर
अध्यक्ष
विजयनगर गाउँपालिका

विजयनगर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
खुरहुरिया, कपिलवस्तु
लुम्बिनी प्रदेश